
# साल्पासिलिछो गाउँपालिका अध्यक्ष श्री दौलथ कुलुङ ज्यूले १७ औं गाउँसभा तथा आ.व. २०८२/८३ को बजेट अधिवेशन समक्ष पेश गर्नु भएको नीति तथा कार्यक्रम





## साल्पासिलिछो गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

## चौकीडाँडा, भोजपुर ।

यस गरिमामय सभामा उपस्थित हुन् भएका सभाका सदस्य ज्युहरु,

जिल्ला समन्वय समिति भोजपुरको सदस्य दिर्घ कार्की ज्यु,

साल्पासिलिछो गाउँपालिका स्थित सम्पूर्ण राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि ज्युहरु,

विकास साझेदारी संस्था जी- फाउन्डेसन र पहाडी विकास तथा संरक्षण समूह नेपालका प्रतिनिधि ज्युहरु, सामाजिक संघ संस्थाका प्रतिनिधि ज्युहरु,

विद्यालयका प्रधानाध्यापक तथा शिक्षक शिक्षिका ज्युहरु,

यस सभाका सचिव तथा सचिवालय सदस्य ज्युहरु,

सल्पासिलिछो गाउँपालिकाको विभिन्न शाखामा कार्यरत शाखा प्रमुख ज्युहरु,

सुरक्षा निकायका प्रमुख तथा अन्य सुरक्षाकर्मीज्युहरु,

वडाका वडा सचिवज्युहरु,

गाउँपालिका र वडापालिका भित्र कार्यरत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीज्युहरु,

पत्रकार साथीहरु,

उपस्थित साल्पासिलिछो वासी आदरणीय आमा-वावा, दाजु–भाइ तथा दिदि-वहिनीहरु,

प्रत्यक्ष रेडियो प्रसारण वाट हामीलाई सुनिरहनु भएका माहानुभावहरु यहाहरु सम्पुणमा हार्दिक न्यानो अभिवादन व्यक्त गर्दछु ।

नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भए वमोजिम गाउँ कार्यपालिकाको तर्फवाट आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम यस सम्मानित सभामा पेश गर्न गइरहेको छु । यस गौरवपूर्ण अवसरमा प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र प्राप्ती र स्थापना लगायत जनताको जनाधिकार, स्वतन्त्रता र मुक्तिको खातिर विभिन्न कालखण्डमा भएका आन्दोलनहरुमा देश र जनताको लागि आफ्नो प्राणको आहुति गर्नुहुने ज्ञात-अज्ञात महान सहिदहरु प्रति स-सम्मान भावपूर्ण श्रदान्जली अर्पण गर्दछु । साथै घाइते, वेपत्ता हुनु भएका वीर योद्दाहरुलाई यस गरिमामय सभा वाट पूर्ण सु-स्वास्थ्यको कामना सहित स्मरण गर्न चाहान्छु । साथै यो मुलुकलाई स्वतन्त्र, धर्मनिरपेक्ष, समावेशी, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक, समाजवाद उन्मुख, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र अभिभाज्य, अक्षुण्ण राखी सार्वभौमसत्ता सम्पन्न मुलुक वनाउन योगदान पुर्याउनु हुने सम्पूर्ण वीर पुर्खाहरु प्रति हार्दिक सम्मान प्रकट गर्दछु ।

नेपालको संविधानले संघ ,प्रदेश र स्थानीय सरकार गरि ३ तहको सरकारको व्यवस्था गरेको छ । सवै तहका सरकारको आ-आफ्नो अधिकार र कार्य क्षेत्र तोकिएको छ । राज्य शक्तिको प्रयोग संघ,



साल्पासिलिछो गाउँपालिका

प्रदेश र स्थानीय सरकारले नेपालको संविधानको २०७२ को  अनुसूची ८ मा स्थानीय सरकारको अधिकार र अनुसूची ९ मा संघ,  प्रदेश र स्थानीय सरकारको साझा अधिकारमा उल्लेख भए वमोजिम साथै स्थानीय सरकार संचालन ऐन २०७४ ले व्यवस्था गरे वमोजिम गरिएको छ । हाम्रो वडाहरु स्रोत र साधनको दृष्टिकोणले पनि विविधतायुक्त रहेका छन् । प्राकृतिक स्रोत र साधनको सम्भाव्यता, उपलव्धता, आर्थिक तथा सामाजिक विकास पूर्वाधार र संस्थागत क्षमतामा पनि कहि न कहि भिन्नता रहेका छन् । यिनै भिन्नता र विविधताको विच साल्पासिलिछो गाउँपालिका सरकारले आफुलाई संघीय सरकार, प्रदेश सरकार संगको समन्वय ,सहयोग ,साझेदारी र सह-कार्यमा प्रशासनिक संयन्त्रको कुसलतम परिचालन गर्दै जनहितलाई केन्द्र विन्दुमा राखेर काम गरिरहेको व्यहोरा यस सम्मानित सभा मार्फत आम नागरिकलाई अवगत गराउन चाहन्छु । स्थानीय सरकार स्वयमले प्राप्ति गरेको स्रोत र साधनको अधिकतम र प्रभावकारी उपयोग गरि आफनो अधिकार क्षेत्र भित्र रही जनताको जिउधनको रक्षा, जनताको समता मुलक सहभागितामा आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, भौतिक विकास आदिको सन्तुलित विकास गर्नुपर्ने जिम्मेवारी स्थानीय सरकारको रहनेछ । स्थानीय तहलाई  संविधानत राजनीतक ,आर्थिक र प्रशासनिक अधिकार निक्षेपन गरिएको अवस्थामा निर्वाचन पश्चात गठित राजनीतक, आर्थिक संरचनाले प्रप्त राजनीतिक अधिकारको निर्वाध प्रयोग र अभ्यास गरिरहेको भएतापनि वित्तीय संघिय र प्रशासनिक संघीयताको पाटो पेचिलो वन्दै गएको छ ।  स्थानीय तहहरु आर्थिक रुपमा आत्मा निर्भर हुन् नसक्नु , राजश्वको अधिकार र खर्चको जिम्मेवारीमा रहेको ठुलो अन्तर पुरा गर्न प्राप्त हुने अन्तरसरकारी वित्तीय सहायताको सुनिश्चितता नहुनु चुनौतिपूर्ण अवस्थाको सामाना गर्नु परेको व्यहोरा अवगत गराउन चाहन्छु ।

हामीले हाम्रो स्थानीय तहको विकासको लागि सम्भावना र सरोकारवाला पक्षहरु संगको सहकार्यको माध्यम वाट हाम्रा नीति तथा कार्यक्रमलाइ जनतामुखी र जन-उत्तरदायी वनाउनु अनिवार्य रहेको छ । गाउँपालिकाको विकास निर्माण कार्यमा दोहोरोपन हटाउन र सवैको प्रयासलाई जनमुखी ढंगले नियमित र व्यवस्थित वनाउन र विकास साझेदार संस्थाहरुको कार्यक्रमहरुलाई जनता समक्ष पुर्याउन गाउँपालिकाको अग्रणी भूमिका रहेको छ ।  हाम्रा विकास सम्भावनाहरुलाई जनचाहना अनुरुप कुशलतापुर्वक कार्यरुप दिन उपलव्ध साधन र स्रोतको समुचित उपयोगमा ध्यान दिनु पर्ने आवश्यकतालाई मध्यनजर गरि आवश्यकता,  सम्भावना,  उपलव्ध साधन स्रोतलाइ **अति आवश्यक कार्य, अनिवार्य कार्य र ऐच्छिक कार्यको** रुपमा परिचालन गरिएकोछ ।

नेपालको संविधान, २०७२ ,स्थानीय संचालान ऐन, २०७४, विभिन्न विषयगत ऐन नियमहरु, नेपालको सोरौ योजना, दिगोविकासका लक्ष्यहरु, मानव अधिकारको विश्वव्यापी घोषणा पत्र ,कोशी प्रदेशको प्रथम आवधिक योजना, संघिय सरकार तथा प्रदेश सरकार वाट विभिन्न मितिमा जारि गरिएका नीति, मार्गदर्शन तथा सुझाव, स्थानीय तहको योजना तर्जुमा दिगदर्शन, २०७८ ,साल्पासिलिछो गाउपालिकाको पहिलो

पंचवर्षीय आवधिक योजना, यस पालिका वाट जारि भएका विभिन्न ऐन, नियमाली, कार्यविधि, निर्देशिका,, आचारसंहिताको परिधि भित्र रहेर , राजश्व परामश समिति, श्रोत अनुमान ताता वजेट सिमा निर्धारण समितिको वैठक निर्णय , गाउपालिकाको विभिन्न समयमा वसेको वैठकको निर्णय, आम नागरिकहरुको र सरोकारवालाहरुको प्राप्त सुझाव, जनताका आवश्यकता , हाम्रो प्रतिवद्दता समेत लाइ ध्यानमा राखी योजनावद् विकासको अवधारणा अनुसार साल्पासिलिछो गाउँपालिका लाइ हाम्रो र राम्रो गाउँपालिका वनाउने उदेश्यका साथ आर्थिक वर्ष २०८१/०८२ को वजेट नीति तथा कार्यक्रम तयार पारिएको छ ।

## (ग) विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती

**विद्यमान अवसरहरू:**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेकाछनः

१. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।

२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, गुरु योजना, पंचवर्षीय योजना, मध्यकालीन खर्च संरचना, आन्तरिक नियन्त्रण प्रणाली, वार्षिक योजना तर्जुमा हुनु र कार्यान्वयन को चरणमा जानु ।

३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु ।

४. गाउँपालिका भित्र प्राकृतिक सुन्दरता, पर्यटकीय सम्भावना र जैविक तथा सांस्कृतिक विविधता रहनु ।

५. सबै वडाहरुमा मुख्य सडक पूर्वाधारको पहुँच पुग्नु ।

६. सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा निर्माण हुने भौतिक संरचना तथा उपभोग्य सामाग्री दुवानी साथै उत्पादित कृषिजन्य उत्पादनलाइ केहि हदसम्म बजार सम्मको पहुँच वृद्धि हुनु ।

७. जलविद्युतको प्रचुर सम्भावना हुनु र जलविधुत आयोजनाहरुको निर्माण कार्य शुरु हुनु ।

८. नेपाली हाते कागज उद्योग, अल्लो उद्योग, कृषि उपज प्रशोधन उद्योग, वास उद्योग आदि लघु उद्योगको सम्भावना रहनु ।

९. साल्पा पोखरी र सिलिछो चुचुरो, हाडी पोखरी, आहाले पोखरी, साकेचुंङ ढुंगा, हर्कटे साल्पा संरक्षण तथा विकास संगै ( सोप्लुंग ट्रेल ) शिवशक्ति भक्ति आश्रम, योगमाया तपस्य स्थल गौडेनी सहितको विकास र विस्तार वाट एकीकृत पर्यटन उद्योगको सम्भावना रहनु ।



साल्पासिलिछो गाउँपालिका

१०. स्वास्थ्य संस्थाहरुको स्तरोन्नति र विस्तार वाट नागरिकहरुको स्वास्थ्य क्षेत्रमा थप पहुच पुग्नु ।

**विद्यमान चुनौतीहरू:**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू समेत रहेकाछनः

१. व्यावसायिक तथा श्रम सस्कार सहितको रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।

२. कृषकलाई बजारसम्मको पहुच निर्माण गर्नु ।

३. रसायनिक मलको आयातलाइ पूर्ण निरुत्साहित वनाई साल्पासिलिछो भित्रै आवश्यकता अनुसारको कम्पोस्ट मल उत्पादन गरि साल्पासिलिछो वासीलाई उपलब्ध गराउन ।

४. युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गरी व्यवसायिक कृषकको संख्या वृद्धि गर्नु

५. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु ।

६ वालविवाह र वहुविवाहको जस्ता गैरकानुनी कार्य रोक्नु ।

७ निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।

८ सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।

११. भिरालो ठाउँ, बाढी पहिरो लगायतका प्रकोपको उच्च जोखिम भएका ठाउहरुमा रहेका बस्ती हरुलाई एकीकृत वस्तीको विकास गर्नु।

११ बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु ।

१२ टेलिफोन र इन्टरनेट आदि सेवाहरू लाइ प्रभावकारी र ब्यवस्थित गर्नु ।

**१३** प्राकृतिक स्रोत तथा नदिजन्य दुंगा, वालुवा, गिट्टी आदिको मापदण्ड अबलम्बन नगरि अत्यधिक दोहन रोक्नु ।

**१४** विभिन्न कालखण्डमा गाउँपालिका भित्र निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रवाहमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु ।

साल्पासिलिछो गाउँपालिका

**(घ) नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू :-**

१. नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था,

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान,

३. राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८,

४. सोह्रौं आवधिक योजनाको मूलभूत पक्षहरू,

५. दिगो विकास लक्ष्य २०३० को मार्गचित्र,

६.गाउँपालिकाको आवधिक विकास योजना (२०८०/८१ -२०८३/०८४), आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका २०८०, मध्यकालीन खर्च संरचना २०८१, तथा गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान विभिन्न चरणको सहभागितामूलक छलफल प्रक्रिया समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएकोछ ।

## आगामी आ.व.को प्रमुख नीति तथा कार्यक्रमहरू

सभाका सदस्य ज्युहरु :

अब म आ. व. २०८१ /८२ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

## १. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### क. शिक्षा

**दिर्घकालिन विकासको मूल आधार शिक्षा हो ।त्यसैले " शिक्षामा लगानी साल्पासिलिछोमा शुभ विहानी " भन्ने मान्यतालाई आत्मासात गर्न निम्न खालको नीति तथा कार्यक्रमहरु उपयोगी सिद्द हुनेछ ।**

१ साल्पासिलिछो गाउँपालिकाले शिक्षा क्षेत्रलाइ व्यवस्थित गर्न सर्व पक्षीय सुझावको आधारमा एक शिक्षा योजना निर्माण गरिनेछ ।

२ गाउँपालिका भित्र संचालित सामुदायिक विधालायहरुमा शिक्षक र कर्मचारी दरवन्दीको अभावमा गुणस्तरीय शिक्षाको लक्ष्य प्रासिका निम्ति पुग्न सक्ने शैक्षिक क्षतिलाई कम गर्न गाउँपालिकाको कार्यालयले शिक्षक र कर्मचारीहरुको आवश्यक दरवन्दी सृजना गरि व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइने छ भने कक्षा अपग्रेड भएका विधालयहरुमा अनुदानको व्यवस्था समेत मिलाइने छ ।

३ सबै विद्यालयहरुलाइ प्रविधिमैत्री विद्यालय वनाउने अभियान अनुसार पालिकाले विधालायाहरुलाइ उपलव्ध गराउदै आएको स्मार्ट वोर्ड, कम्प्युटर, ल्यापटप् , प्रिन्टर, प्रोजेक्टर र विज्ञान प्रयोगशाला स्थापनाको नीतिलाइ निरन्तरता दिइने छ ।

साल्पासिलिछो गाउँपालिका

४ गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाले कक्षा १ –८ को स्थानीय पाठयक्रम निर्माण गरि कार्यान्वन भइ रहेको सन्दर्भमा आगामी शैक्षिक सत्र वाट सवै कक्षाहरुको सहजीकरण पुस्तिका निर्माण गरि स्थानीय पाठयक्रम कार्यन्वानालाई थप प्रभावकारी वनाइने छ ।

५ विधालयहरुमा हाल भइ रहेको इन्टरनेट सेवाको विकास र विस्तारको पहल र प्रयत्न गरिने छ ।

६ विद्यालयहरुको भौतिक सरसफाई तथा विधालय परिसरलाइ विथार्थी मैत्री वनाउन सर्वपक्षीय छलफलको व्यवस्था मिलाइनेछ ।

७ वास्तविक जीवनसँग जोड्ने काम र सिकाउने जीवनोपयोगी सीप प्रदान गर्न विधालय तह वाटै "पढ्दै कमाउदै" तथा "कमाउदै पढ्दै" कार्यक्रम अन्तर्गतको आधारभूत कार्यक्रम लाइ निरन्तरता दिदै समाजमा कमजोर वन्दै गएका श्रम सस्कार र सस्कृति प्रति उच्च सम्मान गर्न सक्ने विधार्थी उत्पादन कार्यमा जोड दिइने छ ।

८ गाउँपालिका भित्र प्राविधिक जनशक्ति उत्पादन गरि श्रम वजार सम्म पुर्याउन गाउँपालिकाले "**अध्यक्ष प्राविधिक शिक्षा साहयता कार्यक्रम**" संचालन गरिनेछ ।

९ विधार्थीहरुको अध्ययन कार्यलाई थप टेवा पुर्याउने उदेश्यका साथ संचालित विधार्थी सम्मान तथा प्रोत्सहान कार्यक्रम लाइ निरन्तरता दिइनेछ ।

१० शिक्षा नियमावली, शिक्षा नीति, वहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था अनुसार मातृभाषामा पठनपाठनको शुरुवात गर्न शिक्षक, पाठयक्रम र पाठयपुस्तक आदिको आवश्यक व्यवस्था मिलाइने छ ।

११ विद्यालय तथा शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गर्न विद्यालय अनुगमन तथा सुपरिवेक्षण कार्य लाइ विशेष जोड दिइने छ।

१२ शिक्षामा अभिभावकहरुलाई सक्रिय वनाई सामुदायिक विधालयहरुलाई गुणस्तर अभिवृद्धि गर्न अभिवावक शिक्षा कार्यक्रम संचालन गरिने छ ।

१३ संघीय तथा पालिकाको आन्तरिक दरवन्दीमा कार्यरत शिक्षक तथा कर्मचारीहरु लाइ विधालयको अवस्था र माग अनुसार विषयगत र कक्षागत रुपमा दरबन्दी समायोजन एवं काज सरुवा गरि शिक्षक तथा विधार्थीहरुको अनुपात मिलाउने व्यवस्था गरिनेछ ।

१४ शिक्षक तथा विद्यालय कर्मचारीहरुको पारिश्रमिक मासिक रुपमा सोझै सम्बन्धित व्यक्तिको खातामा जम्मा हुने प्रणाली लागु गरिने छ।

१५ साल्पासिलिछो गाउँपालिका भित्रका विद्यार्थीहरुको क्षमता विकास तथा नेतृत्व विकासको लागि प्रतिभा पहिचान कार्यक्रम संचालन गरिनेछ । शिक्षक, विद्यार्थी र अभिभावक वीच अन्तरक्रिया कार्यक्रम गरिनेछ ।

१६ शैक्षिक प्रणालीको सुद्धढीकरणका निम्ति शिक्षाको क्षेत्रमा कार्यरत विभन्न रास्ट्रीय तथा अन्तरास्ट्रिय संघ संस्थाहरु संग साल्पासिलिछो गाउँपालिकाले लिएको समन्वय सहकार्यको नीति लाइ निरन्तरता दिइ थप विधालयहरुमा विस्तारको नीति लिइनेछ ।

साल्पासिलिछो गाउँपालिका

## ख . संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम

१ गाउँपालिकालाई खुल्ला सांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न साल्पा ,योगमाया गौडेनी , शिवशक्ति भक्ति आश्रम लगायतका क्षेत्रहरुमा पूर्वाधार निर्माण गर्दासांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला चित्रकला जस्ता ,मूर्तिकला ,प्रतिकहरु निर्माण गरिनेछ । साथै आर्थिक व्यवस्थापनको निम्ति संघीय सरकार प्रदेश सरकार र अन्य निजि संग संस्थाहरु लाइ , समेत सहभागी वन्नअनुरोध गरिनेछ ।

२ गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षणका लागि मातृभाषा दिवस लाइ उत्सवको रुपमा मनाउने र त्यस्ता भाषाहरुको संरक्षणको निम्ति विद्यालयहरुमा पठनपाठन गर्ने नीति लिइनेछ।

३ गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, संगीत कला झाँकीसहित प्रदर्शन गर्ने नीति लिइनेछ।

४ समुदायगत रुपमा वोलिने भाषा, धर्म, सस्कृति, परम्परागत रितिरिवाज, सामाजिक मूल्यमान्यता, कुल पुजा स्थल, देव- देवीस्थान, धार्मिक स्थल लगायतका साँस्कृतिक अवायाहरुको संरक्षणमा विशेष ध्यान दिइनेछ ।

५ साल्पा मेलामा मात्र गाइने सै.राजा.सै .सै —सै रानी सै.सै लोक भाकालाइ गाउँपालिकाको पुँजीको रुपमा संरक्षण र जगेर्ना गरिनेछ ।

## ग. युवा तथा खेलकुद सम्बन्धी नीति कार्यक्रम

१. साल्पासिलिछो गाउँपालिका खेलकुद कार्यविधि निर्माण गरि सो कार्यविधिको आधारमा संचालित हुने गरि एक साल्पासिलिछो खेलकुद विकास समिति गठन गरि खेलकुद क्षेत्रलाई मर्यादित र व्यवस्थित गरिनेछ ।

२. गाउँपालिका स्थित निर्माणाधिन खेल मैदान निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

३. वडा स्तरमा रहेका खेलकुद/ युवा कल्वहरुलाई खेल संग सम्वन्धित आवश्यक परामार्श तथा खेलकुद गतिविधि मार्फत युवाहरुलाई सामाजिक समावेशीकरण र कुलत वाट वाच्न र वचाउन प्रोत्सान अनुदान उपलव्ध गराइनेछ ।

४. साल्पासिलिछोका युवाहरुलाई देशमै वसी स्वरोजगार वन्न उत्प्रेरित गरिनेछ तर वैदेशिक रोजगारीमा जान चाहने युवाहरु लाइ सुरक्षित वैदेशिक रोजगारीको लागि मनोसामाजिक

साल्पासिलिछो गाउँपालिका

परामर्श सेवा केन्द्र पालिकामा स्थापना गरि सेवा परामार्श तथा अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।

५. वैदेशिक रोजगारबाट फर्केका युवाहरुको भेलाको आयोजना गरि सो युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास कार्यक्रम अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवध्द गरिनेछ ।

## घ. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम

१ सामाजिक न्याय सहितको समाज निर्माण र सामाजिक सुरक्षा कायम गर्न स्थानीय सरकार निरन्तर लागि रहनेछ ।

२. महिला, बालबालिका, दलित, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजातिको लागि सुरक्षा तथा उत्थानशील कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।

३. टोल विकास समित निर्माण हुन् वाकी वडा र टोलहरुमा टोल विकास समिति गठन गरि सामाजिक विकास निर्माण तथा सामाजिक क्रियाकलापमा सहभागी गराइनेछ ।

४. लैंगिक हिंसा, वालविवाह, सामाजिक विभेद, शोषण, कुरीति, लागुपदार्थ दुरव्यसन, अन्धविश्वास, हटाउन टोल विकास संस्था, आमा समुह, युवा क्लव, वाल समुह लगायत सामुदायिक स्तरका सस्थाहरुलाई स्वयम् सेवी रुपमा परिचालन गरिनेछ ।

५. अपाङ्गता भएकाहरुलाई समाज निर्माणमा सहभागी गराउन र स्वरोजगार वनाउन सिप विकास, क्षमता विकास तालिमको व्यवस्था गरिने साथै कार्यालय व्यवस्थापन समेत गरिनेछ ।

६. अपाङ्गता, ज्येष्ठ नागरिक परिचय-पत्रलाइ समन्वय समिति मार्फत वडा तह वाटै उपलब्ध गराउने व्यवस्था लाइ निरन्तरता दिइनेछ ।

७. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि ( सुत्केरी पोषण कार्यक्रम तथा सुत्केरी भेटघाट ) कार्यक्रम लाइ निरन्तरता दिइनेछ ।

८.नेपाल सरकारले प्रदान गर्दै आएको वालपोषण भत्तालाइ पोषणमा सुधार ल्याउने गरि विधालयहरुमा प्रभावकारी अनुगमन सहित व्यवस्थित गर्न जोड दिइनेछ ।

९. महिलाहरुको सामाजिक तथा स्वास्थ्य जीवन सुरक्षालाइ मध्यनजर गर्दै गाउँपालिका भित्र का महिलाहरुको महिनावारी सुरक्षा अन्तर्गत उपाध्यक्ष स्यानेटरी प्याड निःशुल्क वितरण कार्यक्रम संचालन गरिनेछ ।

## ङ . स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम

१. सवै वार्थिंङ सेन्टरहरुको पूर्वाधार र गुणस्तर सुधारमा जोड दीइनेछ ।
२. वस्ती स्तरमा घुम्ती स्वास्थ्य शिविर संचालन गरि साल्पासिलिछो वासीलाइ स्वास्थ्य सुविधा उपलव्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।
३. नेपाल सरकारको नीति अनुरुप स्वास्थ्य संस्था मार्फत निः शुल्क प्राप्त हुने सवै प्रकारका औषधिको गुणस्तरीयता तथा प्राप्तिको सुनिश्चितता कायम गरिनेछ ।
४. पूर्ण खोप सुनिश्चितता र दिगोपनाको लागि निरन्तरता दिइनेछ ।
५. विपन्न आय भएका विपन्न परिवारका सुनौलो हजार दिनका आमा तथा वालवालिकाहरुलाई पोषणयुक्त खानामा पहुचमा निर्माण गरिनेछ ।
६. सस्थागत सुत्केरीलाई प्रवद्धन गर्दै शुन्य होम डेलिभरी कायम गर्न सुत्केरीलाई केहि रकम प्रोत्साहन स्वरूप उपलव्ध गराउने व्यवस्था कायमै राखिनेछ ।
७. किशोरी अवस्थामा हुने गर्भाधारण र असुरक्षित यौन सम्वन्ध जस्ता क्रियाकलाप लाइ न्युनिकरण गर्न समुदाय र विधालय स्तरमा यौन शिक्षा र प्रजनन स्वास्थ्य शिक्षालाई विस्तार गरिनेछ ।
८. गर्भवती अवस्थामा गर्भवती महिलालाई मानसिक रुपमा सवल, शारीरिक रुपमा वलियो र सामाजिक र सास्कृतिक रुपमा इज्यतिलो वनाउन गर्भवती परामार्श सेवा संचालन गरिनेछ ।
९. जेष्ठ, अपाङ्गता तथा सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरुलाई निशुल्क स्वास्थ्य विमा कार्यक्रम लाइ निरन्तरता दिइनेछ ।
१०. निर्माणाधीन ५ शैयाको अस्पताल निमार्णको सन्दर्भमा म्याद भित्रै भवन निर्माण गर्न समन्वय र तागेता गरिनेछ ।
११.स्वास्थ्यमा नागरिकको पहुच निर्माण गर्न सामुदायिक स्वास्थ्य इकाईको स्थापना र स्वास्थ्य संस्थाहरुको स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिइ रोकथाम र उपचार सेवालाइ सहज र नियमित वनाइनेछ ।
६ सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ परिक्षण गर्ने व्यवस्थालाइ निरन्तरता दिइनेछ ।
७ आर्थिक रुपमा अति विपन्न गाउँपालिकाका नागरिकहरुको औषधि उपचार, स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजानका निम्ति आर्थिक साहयताको प्रबन्ध गरिनेछ ।
८ अर्गानिक खेति र खाद्यान्नमा जोड दिइ सामुदायिक स्वास्थ्य प्रति सजग र सचेत वनाउन निरन्तर प्रयास गरिनेछ।
९ गाउँपालिका क्षेत्र भित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण र खेति प्रवर्दन कार्यहरु लाइ प्रोत्साहन गरिनेछ।

१० महिला स्वयंसेविकाहरुको क्षमता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइने साथै महिला स्वयम् सेविका दिवसको दिन महिला स्वयम सेविका हरुलाई सम्मान गरिने छ ।

## २. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम :-

### क. कृषि सेवा तर्फ

१ .कृषि कार्यक्रमहरु लाइ एक द्वार प्रणाली वाट संचालन गर्न कृषि शाखा वाट संचालन गरिने र सम्वन्धित शाखा र समिति वाट अनिवार्य अनुगमन गर्नु पर्ने मान्यताको विकास गरिनेछ ।

२ व्यावसायिक कृषकहरु, कृषि समुहहरु तथा कृषि शहकारिहरुको क्षमता अभिवृदीको लागि कृषि ज्ञान संचार कार्यक्रमहरु संचालन गरिनेछ ।

३."जैविक खानपान : स्वास्थ्य जीवन" भन्ने नारा सहित रासायानिक मल र रासायनिक विषादी प्रयोगको विकल्पमा कम्पोस्ट मल उत्पादन र जैविक विषादी उत्पादन कार्यलाई निरन्तरता सहित क्षेत्र विस्तार गरिनेछ ।

४. एक टोल एक उत्पादन, एक वडा एक विशेष उत्पादन " कार्यक्रम अन्तर्गत वेसार, अकवरे खुर्सानी, लसुन, कफी, सुन्तला, कि.वि फल, एभोकाडो, ओखर, आलु, चिराइतो, अलैची , अम्लिसो, वन /घर तरुल आदि तथा उच्च मुल्यका फलफुल, तरकारी तथा मसला बालीहरुको ब्यावसायिक कृषि कार्यक्रम संचालन तथा निरन्तरता दिइनेछ ।

५. कृषकहरुलाइ कृषि सम्वन्धि क्षमता विकास, सिप विकास र प्रविधि हस्तान्तरण (हाते ट्याक्टर तथा अन्य सामाग्री हस्तान्तरण) तथा कृषि लाइ व्यवसायिक र उत्पादन मुखी वनाउन कृषि सहकारी प्रोत्साहन कार्यक्रम लाइ निरन्तरता दिइने छ ।

६. ब्यवसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, सित भण्डार , सुख्खा भण्डारण केन्द्र तथा गोदाम घरहरुको पूर्वाधार निर्माण गरिनेछ ।

७. गाउँपालिकाले कृषि भण्डार केन्द्र तथा कोशेली घर स्थापना गरि किसान द्वार उत्पादित कृषि उपजहरु खरिद गरि ग्रेडीङ्ग, प्याकेजिंङ, लेवालिंङ र ब्राण्डीङ् सहित वजारीकरण गर्ने नीति लिइनेछ ।

८. कृषि उत्पादनको मुल्य श्रृंखलाको विकास गरि थप प्रभावकारी वनाउने क्रममा कृषि उपजको बजारीकरणका लागि **कृषि बजार प्रणाली सफ्टवेयर** निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

९. तोरी, सूर्यमुखी तथा तेलजन्य वालीलाई प्रवर्दन गरि साल्पासिलिछो लाइ खाने तेलमा आत्मनिर्भर कायक्रमलाई निरन्तरता दिइनेछ ।

१०. गाउँपालिकामा सुन्तला खेतिको सघन विस्तार तथा उत्पादन कार्यक्रम लाइ निरन्तरता दिइ सुन्तलालाई प्रशोधन गरि जुस उत्पादन गर्ने र हाल वेचविखन भइ रहेका कोक, ड्यु, स्प्राइट जस्ता पेय पदार्थहरुलाई प्रतिस्थापन गरि "आफनै उत्पादन आफै उपभोगको" नीति ल्याइनेछ ।

११. हाल कृषकहरुले भोगि रहेका समस्यालाई ध्यानमा राखी एक वडा एक कृषि प्राविधिक नियुक्ति गरि कामकाजमा खटाउने व्यस्था मिलाइनेछ ।

## ख. पशुपालन तर्फ

१. पशुपालन व्यवसाय लाई विस्तार गर्नका लागि भकारो सुधार कार्यक्रम, भेडा पालन, वाख्रा पालन, माछ्रा पालन, आदि कार्यक्रमलाइ निरन्तरता दिइनेछ।

२. पशु चौपायामा देखिने महामारीजन्य रोग नियन्त्रणका लागि उच्च सतर्कता सहित पुर्व तयारि गरिनेछ ।

३. पशुपालक कृषकहरुलाई पशु पशु सम्वन्धि देखिने रोग नियन्त्रणको लागि वा पशु प्राविधिक सेवा उपलव्ध गराउन दुइ वडा एक पशु प्राविधिकको नियुक्ति गरि सेवा प्रदान गर्ने तथा सेवा शिविर संचालन गरिनेछ ।

## ग. खानेपानी तथा सिचाई :

१. गाउँपालिकावासीलाई शुद्द पिउने पानीको व्यवस्था गर्न ट्यांकी मर्मत, पाइप लाइन मर्मत संभार , विस्तार एवं मुहानहरुको पहिचान गरि उपयोग र संरक्षण गरिनेछ ।

२. पिउने पानीको समस्या रहेको वडाहरु विशेष गरि वडा न. १ , वडा न. ३ र वडा न. ६ मा पिउने पानीको उपलव्धताको लागी प्रदेश सरकार र खानेपानी कार्यालयको आर्थिक तथा प्राविधिक सहयोगमा पिउनेपानी आयोजनाहरु संचालनको प्रयास गरिनेछ।

३. कृषि उत्पादनलाई वृद्धि गर्न कृषकहरु लाइ साना सिचाईका निम्ति अनुदान सहयोग र ठुला सिचाइको निम्ति संघीय सरकार, प्रदेश सरकार र स्विजरल्याण्ड एस. डी. सी को अनुदान र साना सिचाई कार्यालय तथा साल्पासिलिछो गाउँपालिकाको प्राविधिक सहयोगमा सिचाई आयोजनाहरु संचालन गरिनेछ ।

साल्पासिलिछो गाउँपालिका

## घ. उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम

१. उद्योग व्यवसाय दर्ता, नविकरण लाइ प्रोत्सहान र स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सुचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

२. साल्पासिलिछो गाउँपालिका भित्र संचालित परम्परागत घरेलु उद्योगहरु, नेपाली हाते कागज उद्योग , अल्लो उद्योग, वासद्वारा सामग्री निर्माण उद्योग, ऊन द्वारा सामाग्री उत्पादन उद्योग, फर्निचर उद्योग, वन तथा वन पैदावार उद्योग, कृषि जन्य उद्योग आदि उद्योग धन्दा संचालन गरि रोजगारी सिर्जनाको लागि प्रोत्साहन र प्रयास गरिने छ ।

३. मानव स्वास्थ्य समवेदनसिलता लाइ ध्यान दिदै र निर्यातित पुँजीलाई वचाउनको निम्ति ड्यु,कोक जन्य पेय पदार्थहरुको आयात लाइ कम गर्न साल्पासिलिछो गाउँपालिका स्वयम् सुन्तला वाट जुस उत्पादन कार्यमा लाग्नेछ ।

४ . गाउँपालिकाको मुख्य चोकहरु तथा प्रवेशद्वारहरुमा पर्यटकीय सुचना वोर्डहरु राख्ने व्यवस्था मिलाइने छ ।

५. गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको विभिन्न माध्यमवाट प्रचार प्रसार गर्ने कार्यलाई निरन्तर दिइनेछ ।

६. गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न एकीकृत पर्यटकीय संजाल कार्यान्वयन प्रारम्भको प्रयास गरिनेछ।

७. अन्तर पालिका, पर्यटन संग सम्बन्धित संघ संस्था, पर्यटन वोर्ड, संघिय सरकार, प्रदेश सरकार संग सम्बन्ध विकास गरी पर्यटन प्रवर्द्धन गर्न पहल गरिनेछ ।

८. मुन्धुम ट्रेल—साल्पासिलिछो विकास तथा प्रवद्धन सम्मेलन २०८० द्वारा प्रस्तुत साल्पासिलिछो २४ वुदे संयुक्त संकल्प पत्र लाइ कार्यान्वयनको लागि निरन्तर आवश्यक पहल गरिनेछ ।

९. योगमाया स्मृति प्रतिष्ठान र साल्पासिलिछो क्षेत्रलाई राष्ट्रिय सम्पदा सुची साथै विश्व सम्पदा सुचीमा सुचीकृत गर्न पहल गरिनेछ ।

१०. विदुषी योगमायालाई राष्ट्रिय विभुती घोषणा गर्नका लागि आवश्यक पहल गरिनेछ ।

## ङ .सहकारी सम्बन्धी नीति तथा कार्यक्रम

१. गाउँपालिका भित्र स्थापना भएका निजि फर्म , कृषि समूहहरु लाइ शहकारीमा रुपान्तरित हुन् प्रोत्साहन गरिनेछ ।

२. राज्यको तिन खम्वे नीति अनुसार छरिएर रहेको पुंजीहरुलाइ एकीकृत गरि स्वरोजगार र उधमशिलतालाइ वढवा दिन शहकारी क्षेत्रको स्वलिकरण र नियमितता गर्ने कार्यलाई प्रभावकारी वनाउने कायलाई निरन्तरता दिइनेछ ।

३. वित्तीय साक्षरता र सस्थागत विकासको लागि शहकारीहरु लाइ आधारभूत तालिम प्रदान गरिनेछ ।

४. शहकारिको क्षेत्र विस्तार गरि वहुउद्देश्यि प्रकृतिको शहकारी वनाउने अवधारणा अघि सारिनेछ ।

५. स्थापना भइ नियमित संचालनमा आउँ नसकेका र संचालनमा आउँ नसक्ने सहकारीहरू लाइ नियमन गरि कानुन वमोजिम व्यवस्थापन गर्ने ।

६. शहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पुँजी संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई अगाडी वढाईने छ ।

## च. रोजगारी

१. रोजगार सेवा केन्द्र मार्फत विभिन्न क्षेत्रका रोजगार दाताहरु संग परामर्श गरी स्थानीय तह भित्र सिर्जना हुने रोजगारमा वेरोजगार व्यक्तिहरुलाई अवसर प्रदान गरिनेछ ।
२. रोजगार सेवा केन्द्रमा गाउँपालिका भित्रका विपन्न परिवारका वेरोजगार सुचिकरण भएका र वाकी वेरोजगारहरु लाइ समेत सूचीकरण गरि न्युनतम १०० दिनको रोजगारीको प्रत्याभूति गर्ने कार्यको लागि गाउँपालिका भित्रका योजनाहरुमा रोजगारी सृजना लाइ प्रथामिकता दिइनेछ
३. वेरोजगारहरुको समस्यालाइ केहि हद सम्म समाधान गर्न स्थानीय तहवाट संचालन हुने आयोजनाहरुमा हेवी इक्युपमेन्ट प्रयोग नहुने ठाउहरुमा सुचिकृत वेरोजगार व्यक्तिहरुलाई नै रोजागारीको अवसर प्रदान गरिनेछ ।
४. वैदेशिक रोजगारीमा जान चाहाने व्यक्तिहरुका लागि श्रम स्वीकृति लिने कार्यलाई गाउँपालिका वाटै शजिकरण गरिनेछ ।
५. वैदेशिक रोजगारी वाट फर्केका युवाहरुलाइ रोजगारी र उधमशिलता विकासको निम्ति प्रेरित गरिने तथा आर्जन गरेका सिपहरुलाई उपयोगमा ल्याइ स्वरोजगार वन्न प्रोत्साहन गरिनेछ ।
६. लक्षित घरधुरिका लागि विशेष कार्यक्रम संचालन गर्ने र उक्त कार्यका लागि जी-फाउन्डेसन संग साझेदारी गर्ने ।
७. गरिवी निवारण तथा असमानता निवारणका लागि नेपाल सरकारको १६औ योजनामा समाविष्ठ सवै रुपान्तरणकारी रणनीति क्रमश लागु गर्दै जाने ।

## ३ . पूर्वाधार विकास क्षेत्र

१. साल्पासिलिछो गाउँपालिका भित्र सडक संजाल नपुगेको गाउँ टोलहरुमा सडक संजाल निर्माण गर्दै निर्मित सडकको सुरक्षा र स्तरोन्नति तर्फ जोड दिइनेछ ।

२. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने गाउँपालिकाको गौरवका निर्माणाधिन योजनाहरु गाउँपालिका सडक, प्रशासनिक भवन तथा "सरु गिरी राइ" सभा हल, चौकिडाडा अस्पताल, नागदह मोटरेवल पुल, थुम्लुंङ खोला दोभाने सडक पुल, मुन्दुम ट्रेल , साल्पासिलिछो लाई संचालन र सम्पन्न गर्न गाउँपालिका वाट क्रमागत रुपमा बजेट विनियोजन गरिने तथा संघीय सरकार र प्रदेश सरकार  संग श्रोत व्यवस्थापनको निम्ति पहल र अनुरोध गरिनेछ ।

३. गाउँपालिकाले निर्धारण गरेको सडकको मापदण्ड वमोजिम सडक निर्माण गरि सडकको स्तरोन्नति कार्यलाई निरन्तरता दिइनेछ ।

४. सेवा र सुशासन पर्वद्दनको लागि निर्माणाधीन वडा भवनहरु वडा न १ , वडा न. ४ , वडा न ६ लाइ थप आवश्यक वजेट विनियोजन गर्ने तथा वडा न ५ मा समेत वडा कार्यालय भवन निर्माण आवश्यक देखिएको हुदा शुरुवाती पुजीको व्यवस्था गरिनेछ ।

५. गाउँपालिका तथा वडा पालिकाको सीमा क्षेत्र यकिन गरि सीमानामा स्वागत तथा सिमाना साकेतिक वोड निर्माण गरिनेछ ।

६. पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजीक्षेत्र विकास साझेदार संस्थाहरु संगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरि कार्यान्वयन गरिनेछ ।

७. पूर्वाधार निर्माण ( विकास निर्माण ) कार्य संचालन गर्न गठित उपभोक्ता समितिमा सम्वन्धित टोल वासीहरुलाइ पहिलो प्राथमिकता दिइ आयोजना संचालन गर्ने र उपभोक्ता समिति गठन गर्दा अनिवार्य समावेशी नीति अख्तियार गर्ने साथै आयोजना संचालन तथा आयोजना संरक्षणको निम्ति उपभोक्ता समिति तथा टोल विकास समितिहरु लाइ समेत जिम्मेवार वनाइनेछ ।

८. तावुतार, याक्सा नागदह पक्की पुल, गाउँपालिका अस्पताल आदि निर्माणाधिन संरचनाहरुको कार्यमा तीव्रता ल्याउन आवश्यक वजेटको वयवस्था गरि निर्माण कम्पनीहरुलाई थप जिम्मेवार वनाईनेछ । साथै इन्द्रावती र चन्द्रावती खोलाहरुमा झोलुङ्गे पुल तथा ट्रस पुल निर्माणको कार्यलाई निरन्तरता दिईनेछ ।

९. रोजगारी सिर्जना हुने र मेसिनरी औजार प्रयोग नहुने आयोजना संचालन उपभोक्ता समिति वाट गरिनेछ भने ठुला ठुला मेसिनारी औजार प्रयोग हुने सडक, भवन तथा सो अनुसारको आयोजनाहरु आवश्यकताको आधारमा वोलपत्र मार्फत कार्यान्वयन गरिनेछ ।

१०.भौतिक पुर्वाधार सम्बन्धी कार्य गर्दा दिगो विकास लक्ष्यका सिद्धान्तहरुको अवलम्बन गरिनेछ ।

**क. उर्जा सम्वन्धि नीति :**

१. यस आर्थिक वर्ष ८१/८२ मा गाउँपालिका भित्र ९०% घर धुरिमा विद्युत विस्तार कार्यक्रम संम्पन्न गर्ने लक्ष्य लिइनेछ ।

२. पालिका क्षेत्र भित्रका सम्पूर्ण विद्यालय तथा सरकारी कार्यालयहरुमा विधुतीय माध्यम वाट पठनपाठन तथा कार्यालयीय कामकाजको व्यवस्था मिलाइने छ ।

३. विद्युत सेवा वाट वन्चित वडा वस्तीहरुमा सौर्य उर्जाको व्यवस्था निशुल्क गरि विद्युत सेवा वाट लाभान्वित गराइने छ ।

४. उर्जामा आधारित बृहत आर्थिक तथा सामाजिक विकासको लागि कार्यक्रम प्रवर्द्धन गर्न साझेदार संस्थाहरुसंग समन्वय गरि योजना संचालन गरिने छ ।

५. साल्पासिलिछो गाउँपालिका भित्र संचालित हाईड्रोपावरहरुलाई कानुन निर्माण गरि सुचिकृत गराइने, नियमन गरिने तथा कानुन सम्मत प्रभावित क्षेत्रहरुमा गर्नु पर्ने सामाजिक उत्तरदायित्व प्रति जिम्मेवार वनाई साल्पासिलिछो गाउँपालिकाको विकासका निम्ति समन्वय र सहभागिता गराईने नीति लिइनेछ ।

६. विधुतिकरण संगै उर्जा संकट लाइ कम गर्न तथा वातावरणीय सन्तुलन कायम गर्न गरिव तथा विपन्न घर परिवार लाइ विधुतीय चुला प्रदान गर्न वजेटको व्यवस्था गरिनेछ ।

## ख सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम

१. गाउँपालिकाले आवश्यक सुचना र सहायताको लागि गाउँपालिकाको कार्यालयमा नागरिक सहायता कक्षा स्थापना गर्ने व्यवस्था मिलाइनेछ ।

२ सुचना अभावको कारण गाउँपालिका वाट प्राप्त गर्नु पर्ने सुचना समयमानै प्राप्त नभएको कारण प्राप्त हुनुपर्ने सेवा वाट वन्चित हुन् नपरोस भन्ने आसयले गाउँपालिकाले डिजिटल नागरिक वडा-पत्र मोवाइल एप्लिकेसन आदिको माध्यम , वाट नागरिकको घरदैलो तथा हातहातमा सुचना पुर्याउन कार्यलाई थप व्यवस्थित गरिनेछ ।

३ नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै भोटेछाप् र कुलुंङमा स्थापित टेलिफोन टावर मर्मत तथा स्थापनाको पहल ,इन्टरनेटको विस्तार, क्षमता विकास गरि सरकारी कार्यालयहरु ,विद्यालयहरु तथा सम्पूर्ण गाउँपालिकाको सवै वडा कार्यालयहरुलाइ सुचनामैत्रि वनाउने कार्य लाइ निरन्तरता दिइनेछ ।

४ नागरिकहरुमा सुचनाको प्रसारलाइ थप प्रभावकारी वनाउन सामाजिक संजाल फेसवुक, म्यासेन्जर, वाट्सएप र इमेलको माध्यम तथा नागरिक मोवाइल एस.एम.एस (टेलि म्यासेज प्रणालीको समेत ) प्रणालीको माध्यम समेत वाट सेवा लिने दिने कार्यलाई निरन्तरता साथै थप प्रभावकारी वनाइनेछ ।

## १. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम



साल्पासिलिछो गाउँपालिका

१. न्यायिक समितिमा परेका उजुरीहरुलाई शीघ्र निरुपण गर्ने प्रबन्ध मिलाइनेछ ।
२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।
३. वडा मेलमिलापकर्ताहरुको क्षमता विकास तथा मेलमिलाप केन्द्रहरु लाइ संस्थागत प्रणाली अन्तर्गत व्यवस्थापन गर्ने कायलाई निरन्तरता दिइनेछ ।
४. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गर्न आवश्यक तयारि थालिनेछ ।
५. कार्यालय अभावका कारण छुटै हुन नसकेको न्यायिक इजलास कक्षा लाइ यो वर्ष छुटै इजलास कक्षाको व्यवस्था गरि न्याय सम्पादनको कार्यलाइ थप ब्यवस्थित गरिनेछ ।
६. वडा मेलमिलापकर्ताहरुको क्षमता विकास तथा मेलमिलाप केन्द्रहरु लाइ संस्थागत प्रणाली अन्तर्गत व्यवस्थापन कार्यमा जोड दिइने छ ।

## २. सुशासन, सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम

१. गाउँपालिका वाट प्रदान गरिने सेवाहरु आयोजना सम्झौता, अपाङ्गता परिचयपत्र वितरण, जेष्ठ नागरिक भत्ता वितरण, जेष्ठ सम्मान कार्यक्रम, जेष्ठ नागरिक परिचय पत्र, स्वास्थ्य शिविर कार्यक्रम, लगायतका अन्य सार्वजानिक सेवाहरुलाई वडा तथा टोल - टोल सम्म पुगी सेवा प्रदान गर्ने कार्यक्रम लाइ निरन्तरता तथा विस्तार गरिनेछ ।
२. गाउँपालिका भित्रका नागरिकहरुको गुनासो र सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन गर्न गाउँपालिकामा सुचना तथा गुनासो पेटिका तथा नागरिक सहायता कक्ष स्थापना गरिने छ
३. विद्युतीय हाजिरि जडान गर्ने कार्य लाइ वडा कार्यालय, विद्यालय , स्वास्थ्य संस्थाहरुमा क्रमश जडान गर्दै लगिने नीति लिइने छ ।
४. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकी बक्यौता, पेश्की, बेरुजु, लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।
५. गाउँपालिकाको जनप्रतिनिधि र कर्मचारी वाट मात्र सम्भव नहुने प्रकृतिका कामकाजहरुमा विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञ सेवा परामर्श मार्फत सेवा लिने नीति अवलम्बन गरिनेछ ।
६. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण आदि कार्यक्रम संचालन गरिनेछ ।

७. गाउँपालिकाको काम कारबाहीलाई व्यवस्थित, पारदर्शी तथा सम्पुर्ण नागरिक समक्ष पुर्याउन “साल्पासिलिछो गाउँपालिका” नामक मोबाइल एप्स निर्माण भइसकेको हुदा बडा पत्रहरु, सूचनाहरु र गाउँपालिकाको गतिविधि आदिको जानकारी प्रदान गर्ने कार्यलाई व्यवस्थित गर्दै निरन्तरता दिईनेछ ।

८. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र उपभोक्ता हितलाइ मध्यनजर गर्दै उपभोग्य सामानहरुको गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने व्यस्था मिलाइनेछ ।

९. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षणको पहल शुरु गरिनेछ।।

१०. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यमकालिन खर्च संरचना (MTEF) पद्धति निर्माण तथा खर्च पद्दतिलाइ व्यवस्थित गर्न आन्तरिक नियन्त्रण प्रणाली निर्माण भइ सकेको हुदा सो वोमजिम गर्न गराइनेछ ।

११. वैदेशिक रोजगारमा जान लागेका युवाहरु लाइ रोजगार सम्वन्धि पुर्व सचेतना कार्यक्रम र गएका व्यक्ति/परिवारका लागि मनोसामाजिक परामर्श सेवाको प्रारम्भ गरिनेछ ।

१२. जनप्रतिनिधि र कर्मचारीलाई पोशाकको व्यवस्था गरी सबैले पोशाक लगाउने नीतिलाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१३. गाउपालिकाले प्रवाह गर्ने सेवाको वारेमा वार्षिक रुपमा हुने सार्वाजानिक सुनुवाई कार्यक्रम लाइ निरन्तरता दिइनेछ ।

## ६.वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

### क. वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन :

१. ठुला ठुला पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययनको शुरुवात गरिनेछ।

२. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृद्धि गरिनेछ ।

३. पोखरी संरक्षण, पहिरो नियन्त्रण, सडकको संरक्षण , खानेपानीको मुहान तथा आयोजनाको संरक्षण तथा समग्र विकासका पूर्वाधारको संरक्षण जल, जमिन तथा जंगलको संरक्षणका निम्ति व्यक्ति, समाज, सामाजिक संघ सस्था, सामुदायिक वन उपभोक्ता समिति र विधालयहरुमा चेतना अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।

साल्पासिलिछो गाउँपालिका

४. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापना कार्यलाइ ब्यवस्थित गर्न वडा- वडा वाट समेत आवश्यक तयारी र जिम्मेवारी प्रदान गरिनेछ ।
५. ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण र नियमन गरिनेछ।
६. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।
७. सम्बेदनशील क्षेत्रका जमिनहरुको अतिक्रमण कार्यलाई नियन्त्रण गरिनेछ ।
८. सामुदायिक वनहरुलाई गाउँपालिकाको मातहतमा ल्याई थप संगठित र परिचालित गरी वन संरक्षण र वन संग सम्वन्धित वन पैदावारबाट आम्दानी गर्न र उपभोक्ताहरु लाइ वढी भन्दा वढी लाभान्वित हुन् उत्साहित र प्रोत्साहित गरिनेछ ।

## ७. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम

१. हालको करको दरलाइ यथावत राखी करको दायरा विस्तार गर्ने नीति लिइनेछ ।
२. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ ।
३. करदाताहरुले तिर्नु पर्ने कर वा दायित्व समयमै तिर्न, तिरे वापत प्राप्त हुने सेवा सम्वन्धि जानकारी गराई कर तिर्नु भनेको जिम्मेवार नागरिकको दायित्वहो भन्ने कुराको वोध गराउन तथा कर प्रणालीलाई व्यवस्थित र प्रभावकारी वनाउन कर दाता शिक्षा कार्यक्रम संचालन गर्ने नीति लिइनेछ । आधारमा ठेक्का व्यवस्थापन प्रणाली मार्फत संचालन वा परिचालनको नीति अनुसार ठेक्का
४. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको उत्खनन र उपभोग कार्यलाई व्यवस्थित गर्न आइ.इ.इ को प्रतिवेदन प्रणालीमा थप छलफल तथा निर्णय गरि उपयुक्त नीति अवलम्बन गरिनेछ ।
५. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ ।

**धन्यवाद**

मालिका गाउँपालिका

साल्पासिलिछो गाउँपालिका